पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

## पूर्वराजाको जन्मोत्सवमा लाखौंको लस्कर लाग्ने

पूर्वराजा ज्ञानेन्द्रको जन्मोत्सव असार २३ गते पर्छ। जन्मोत्सव मनाउन झण्डै १५ सयको समिति राजधानीमा गठन भएको छ भने जिल्ला जिल्लामा पनि समितिहरू बनेका छन्। राजधानीमा मात्रै झण्डै एकलाख जनताले निर्मल निवास पुगेर पूर्वराजालाई शुभकामना दिने तैयारी सुरु भएको छ। राजनीतिक असफलता र गणतन्त्रको नौटङ्की देखेर आजित भएका जनता पूर्वराजाप्रति आकर्षित हुनथालेका छन्। पनौति, जनकपुर, नेपालगञ्ज, बारा, पर्सा र रौतहटमा पूजाका लागि पुगेका पूर्वराजाका लाखौंलाख जनताले स्वागतमात्र गरेनन्, राजा आउ देश बचाउ भन्ने नारासमेत लगाए। त्यसैको प्रतिध्वनी संविधानसभामा सुनिएको थियो भने यसपालीको पूर्वराजाको (बाँकी अन्तिम पेजमा)

वर्ष : २७ अङ्क : ४५ २०६७ असार १८ गते शुक्रबार (July 2, 2010) मूल्य रू. ५/-

### —प्रधानमन्त्रीको राजीनामा पछि दलहरू ध्रुविकरण तर्फ—

# माओवादी इतरमा को प्रधामन्त्री बन्ने विवाद

काठमाडौं / सत्तावादी दलहरूको प्रधानमन्त्री बन्ने भन्ने निष्कर्ष निकाल्न



जुटेका छन्। कहिले १० दल, कहिले १७ दलको बैठक गरेर प्रधानमन्त्रीमा सहमति खोज्दै छन्। असार १५ गते दही चिउरा खाएर एमाले मुख्यालयमा यस्तै बैठक भयो र यो १३ दलीय बैठकमा फोरमका अध्यक्ष उपेन्द्र यादव समेत सहभागी भए।

माओवादीले जेठ १४ गतेको ३ बुँदे सहमति अनुसार तत्काल राजीनामा दिनुपर्छ भन्ने माओवादी मागअनुसार प्रधानमन्त्रीले राजीनामा दिएका छन्।



राजीनामा नआए संसद् र संविधानसभा मात्र होइन बजेटसमेत आउन नदिने माओवादीले बताएको थियो माओवादीको असहयोगका कारण राजनीतिक अन्यौल बढेको मात्र होइन, असहज अवस्थासमेत सिर्जना भइसकेको छ।

प्रधानमन्त्रीले माधवकुमार नेपालले राजीनामा दिएपछि झलनाथ खनाल वामपन्थी एकता गराएर आफ्नो नेतृत्वान सरकार गठन गर्न दौड धुप गरिरहेका छन्। खासगरी माओवादी समर्थन लिन झनाथ खानलले जुत्ता खिचाई रहेको छन्। तर, माओवादी भित्र प्रचण्ड र वैद्य, बाबुराम र वादलको ध्रुविकरणले झलनाथ खनाललाई धक्का लाग्न पुगेको छ। तैपनि झलनाथ (बाँकी अन्तिम पेजमा)

## जनताको करमाथि नेपालको ब्रम्हलूट

काठमाडौं। काम चलाउ प्रधानमन्त्री माधवकुमार नेपालले मुलुक र जनताका लागि माखो मार्न नसके पनि केही व्यक्ति र परिवारजनका लागि भने राम्रै काम गरेका छन्। मुलुकमा उत्पन्न भएका समस्याहरूको समाधान गर्नुको सट्टा उनले एक वर्षको समयमा आफूले गरेका कार्यहरू (भेटघाट)का बारेमा पुस्तक नै निकालेर दुनियाँलाई हँसाउने कार्यमात्र गरेनन् भ्रष्टाचारको विजारोपण समेत गरे। केही दिन पहिला सरकारका सचिवहरूको बैठकमा उनले उद्घोष गरेका थिए, सचिवहरूले भ्रष्टाचार गरेर काठमाडौंमा महल बनाए, राम्रा राम्रा गाडी किने। त्यो उनको बोली सुक्न नपाउँदै (बाँकी तीन पेजमा)



# माओवादी कठपुतलीहरूको शरणमा

अभियान संवाददाता

काठमाडौं / संविधानसभा, संसद चलाउन नसक्ने र बजेटसमेत संसदमा पेश गर्न नसक्ने अवस्था देखेपछि अकस्मात प्रम माधवकुमार नेपालले गत बुधवार साँझ ६ बजे राजीनामा दिएका छन् र यो अवस्थाबाट हर्षित भएका माओवादी खेमा बिजयी मुद्रामा फेरि पनि माओवादीको र प्रचण्डकै नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन गर्ने दावी गर्दै यसका लागि प्रयास थालेको छ। माधवकुमार नेपालको सरकारलाई संवैधानिक मान्यतासमेत नदिएर कठपुतली सरकार भनिरहेको



माओवादीले माधवकुमार नेपालको पार्टी एमाले र उनका सहयोगी २२ दलहरूका नेताहरूलाई धमाधम भेटेर माओवादीको नेतृत्वको सहमतिको राष्ट्रिय सरकार निर्माण गर्न सहयोगको याचना गरिरहेको छ। तथापि प्रचण्डको नेतृत्वमा सरकार बन्छ भन्ने कुनै सम्भाबना अद्यापि देखिएको छैन।

राष्ट्रिय सहमतिको सरकार, शान्ति र संविधानका लागि सबैभन्दा ठूलो बाधा भनेको माधव नेपालको सरकार हो भन्ने एनेकपा माओवादीले (बाँकी अन्तिम पेजमा)

## वैद्य र वादल यसरी बाबुरामको क्याम्पमा ?

अभियान संवाददाता

काठमाडौं / मोहन वैद्य र रामबहादुर थापा 'वादल' खाँटी राष्ट्रवादी धारका नेता मानिन्छन्। डा.बाबुराम भट्टराई जवाहरलाल विश्वविद्यालयमा पढेका र एसडी मुनीका चेला भएका कारण पहिलेदेखि नै दिल्लीपरस्त मानिन्छन्। प्रचण्डले समेत बेला-बेलामा बाबुरामलाई भारतवादीको आरोप लागाइरहेका छन्। अध्यक्ष प्रचण्डले आफ्नै नेतृत्वमा राष्ट्रिय सरकार बन्नुपर्छ भनेर जिरह गरिरहेको अवस्थामा महाधिवशेनको साटो राष्ट्रिय भेला गर्ने निर्णय भएपछि एनेकपा माओवादी तीन धारबाट दुई धारमा ध्रुविकरण हुन पुगेको छ।

अध्यक्ष प्रचण्डको व्यक्तिवादी र सत्ता र शक्तिका लागि मरिहत्ते गर्ने बानीले गर्दा अब अध्यक्षले बोल्दैमा सबै कुरा हुन्न भन्दै मोहन वैद्य र रामबहादुर थापा 'वादल', डा.बाबुराम भट्टराईसँग मिल्दै माओवादीभित्र शक्तिशाली बन्न सार्वजनिक अभिव्यक्ति दिएका छन्। पार्टीभित्रका दुश्मनहरूको घेरावन्दी देख्दा दुःख लाग्छ। हुन पनि प्रचण्डको कारण अमेरिकाले आतंकारीको सूची हटाएको छैन भने दिल्लीको कोपभाजनमा माओवादी पर्दै आएको छ। अन्य राजनीतिक दलहरूले माओवादीलाई (बाँकी अन्तिम पेजमा)

# अधिवेशन डाकियो, अवरोध यथावत

काठमाडौं / गत जेठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि एक वर्ष थप्नका लागि तीन दलबिच भएको तीनबुँदे राजनैतिक सहमति कार्यान्वयन हुन नसकिरहेको अवस्थामा सरकारले वर्षे अधिवेशन आह्वान गरेको छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा ५१ (१) बमोजिम प्रधानमन्त्रीको सिफारिस अनुसार २०६७ साल असार २१ गते सोमबार दिनको ३ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँबानेश्वरमा संसद् अधिवेशन राष्ट्रपतिले आह्वान गरेका छन्।

संसद् अधिवेशन आह्वान गरिएपछि सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेट कहिले ल्याउने भने केही उल्लेख गरेको छैन। सामान्यतया सरकारले अधिवेशन आह्वान गर्दा यति गते नीति तथा कार्यक्रम (बाँकी अन्तिम पेजमा)

# असफल नेतृत्व : पद त्याग गर

काठमाडौं / २०६७ साल जेठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि एक वर्ष थप्ने निर्णय गरेर मुलुकका तीन ठूला दलले गम्भीर गल्ती गरेका छन्। खास गरेर एकीकृत नेकपा माओवादीले अगाडि सारेका मागलाई सम्बोधन गर्नकै लागि तीन दलबीच मध्यरातमा तीन बुँदे सहमति गरिएको थियो। संविधानसभामा उपस्थित भएका अन्य दलहरूसँग सरसल्लाह नै नगरी तीन दलले आफूखुशी तीन बुँदे सहमति गरेपछि मुलुक तिनै तीन दलको अनिर्णयको बन्दी बनेको छ। प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारको राजीनामा माग गर्दै संसददेखि (बाँकी अन्तिम पेजमा)

# दूतावास नै अपराधी बचाउन लागेपछि...

शाश्वत शर्मा—

हाम्रो मुलुक वास्तवमा सार्वभौम होइन भन्ने कुरा गत बिहिबार ९ बजेतिर त्रि.वि. अन्तर्राष्ट्रिय विमानस्थलमा घटेको घटनाबाट पुनः एकपटक प्रमाणित भएको छ। भारतको अत्यन्तै संवेदनशील राज्य, नागाल्याण्डका गृहमन्त्री इमकोङ इमचेन करीब नौ लाख प्रतिबन्धित भारतीय रुपैयाँका साथ सुरक्षा जाँचका क्रममा पक्राउ परे। एक हजार र पाँच सयका प्रतिबन्धित भारु का साथ पक्राउ परेका तिनी करीब छ घण्टा पछि बिना कुनै 'ईल्जाम' स-सम्मान छुटे पनि। अब यहाँ नेर बताइरहनु पर्दैन होला कि, यसरी 'स-सम्मान' छुट्न पाउनुमा नेपालस्थित भारतीय दूतावासको दबाव थियो भनेर। त, त्यत्रो जघन्य अपराध गर्दा पनि नेपाली अधिकारीहरूले तिनमाथि केरकार र मुद्दा दर्ता गर्नु त कता हो कता ? उनको साथमा रहेको त्यो प्रतिबन्धित भारु पनि फकाई दिएका छन्। के गर्ने ? कति लाचार छौं- हामी नेपालीहरू ? जब भारतीय दूतावासको कुरा आउँछ, हाम्रा अधिकारीहरू आफ्नो ऐन, नियम, कानून सबै बिर्सन्छन्। लैनचौर (भारतीय दूतावास रहेको स्थान) बाट 'फोन' आउने बित्तिकै छुलछुल...हरू झन दूतावासका कर्मचारीहरू नै आएर दबाब दिन थालेपछि निहुरमुन्टी नलगाउन पनि कसरी ? भयो पनि त्यस्तै, दूतावासकी अपूर्वा श्रीवास्तवदेखि लिएर राकेश सूदसम्म लागेर ती अपराधीलाई छुटाए। र हाम्रा नेपाली अधिकारीहरूले कुनै प्रमाणसम्म नरहोस् भनेर पक्राउ गरिएको भारु समेत फर्काइदिए। अब मुद्दा दर्ता गर्नु त कता हो कता....?तर, यहाँ नेता एउटा रोचक एवं चाखलाग्दो कुरा आएको छ- समाचारअनुसार। आएको समाचार अनुसार भारतीय दूतावासकी कर्मचारी अपूर्वा श्रीवास्तवका अनुसार जघन्य अपराध गर्ने नागाल्याण्ड राज्यका ती गृहमन्त्री 'नेपालको कानून बारे अनभिज्ञ रहेकाले गल्ती भएको हो अरे।' ...अर्थात् अपूर्वाको यो तर्कबाट नेपाली अधिकारीहरू पनि सहमत भए (बाँकी पाँच पेजमा)



पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# माओवादीको कदम उसैलाई घातक

गत जेष्ठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि एक वर्षका लागि थपिए पनि राजनैतिक दलहरूले संविधान निर्माणको प्रक्रियालाई अगाडि बढाउन सकेका छैनन् । म्याद थपिएपछि तीन ठूला राजनैतिक दलहरू अन्तरिक द्वन्दमा फसेको प्रमाणित ती दलका नेताहरूले गर्ने गरेका उद्‌घोषले नै प्रमाणित गरेको छ । पछिल्लो पटक एकीकृत नेकपा माओवादी आन्तरिक द्वन्दमा फसेको छ । विभिन्न समयमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल र उपाध्यक्ष डा.बाबुराम भट्टराईबीच चलेको द्वन्द अहिले सडकमै छताछुल्ल भएको छ । एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले असार १४ गते एक सार्वजनिक कार्यक्रममा उद्‌घोष गरे, आफ्नै भन्नेहरूले आफूलाई घेराबन्दीमा पारे । उक्त कार्यक्रममा दाहालले कसैको नाम नलिएपनि उनको आक्रोश उनकै पार्टीका वरिष्ठ उपाध्यक्ष मोहन वैद्य, अर्का उपाध्यक्ष डा.बाबुराम भट्टराई र महासचिव रामबहादुर थापा (बादल)प्रति इंगित थियो । स्मरणरहोस्, असार १३ गते मात्र वरिष्ठ उपाध्यक्षसहित उपाध्यक्ष भट्टराई र महासचिव बादलले अध्यक्ष दाहालको काम-कारबाहीप्रति असन्तुष्टि जनाएका थिए ।

एकीकृत नेकपा माओवादीले माधवकुमार नेपाल प्रधानमन्त्री नियुक्त भएकै दिनदेखी उनको विरुद्धमा सडकदेखि सदनसम्म आन्दोलन गरेको थियो । प्रत्येक पटक आन्दोनलाई अन्तिम आन्दोलन भनेपनि आन्दोलनले कुनै सार्थकता नपाउँदै बीचमै आन्दोलन स्थगित गर्न ऊ बाध्य भएको थियो । गत पुस ५,६ र ७ गते पनि उसले अनिश्चितकालील आन्दोलन घोषणा गर्‍यो र बाध्य भएर तीनदिन पछि फिर्ता लिएको थियो । त्यसैगरी वैशाख १९ गतेदेखि माग पूरा नभएसम्म अर्थात् प्रधानमन्त्रीको राजीनामा नआएसम्म अनिश्चितकालीन आमहड्‌ताल गरेपनि आमहड्‌ताल विरुद्ध जनता सडकमा उत्रिएपछि बीचमै आन्दोलन फिर्ता लिन ऊ बाध्य भएको थियो । माओवादी अध्यक्ष पुष्पकमल दाहाल आफूले प्रधानमन्त्री पदबाट राजीनामा दिनुपर्दाको पीडा जनतामाथि थोपर्न चाहिरहेका छन् । उनीपनि संसद बाटै बहुमतको प्रधानमन्त्री नियुक्त भएका हुनाले माओवादीले चाहँदैमा नेपालले राजीनामा दिनु उपयुक्त मार्ग थिएन् । प्रधानमन्त्रीको नियुक्ती र राजिनामा संविधानमा व्यवस्था भएअनुसार बाहेक स्वंय प्रधानमन्त्रीको इच्छामा भरपर्ने विषय भएको हुनाले कसैले हल्ला गर्दैमा प्रधानमन्त्रीले राजिनामा दिने हो भने मुलुक अझ अस्थिरता जाने प्रायः निश्चित देखिएको छ ।

एकीकृत नेकपा माओवादीले सडकदेखि सदनसम्म आन्दोलन गर्दा समेत हात लाग्यो शुन्य भएपछि अहिले सरकारलाई नीति तथा कार्यक्रम ल्याउन नदिएकाले आउँदो वर्षको लागि आयव्यय बजेटसम्म सदनमा पेश गर्न नदिने जुन रणनीति माओवादीले लिएको थियो, त्यो आफैंमा घातक थियो । प्रधानमन्त्रीको राजिनामा मात्रै माओवादीको माग रहेको तर प्रधानमन्त्रीलाई अपदस्त गर्ने अन्यबाटाहरू अविश्वासको प्रस्ताव ल्याउन ऊ किन तयार भएन् । संविधानसभामा उपस्थित भएका पच्चीस दलहरू मध्येका बाइस दलहरूले माकुने सरकारलाई समर्थन जनाइरहेका थिए, स्वंय प्रधानमन्त्रीले दलहरूबीच सहमति भएमा एक मिनेटभित्रमा राजीनामा दिने उद्‌घोष गर्दै हिंडेका थिए । तर विडम्वना नै मान्नुपर्छ । माओवादी अन्य दलहरूसँग सहमति गर्न तयार छैन, आखिरी किन ? माओवादका पूर्व लडाकूहरूको समायोजन र व्यवस्थापनको विषयलाई स्वंय माओवादीले अवरोध सिर्जना गरेको छ । माओवादीले माग गरेका अन्यसबै विषयहरूमा अन्य दलहरूले सहमति जनाइदिनु पर्ने तर उसले भने एउटा पनि सहमति कार्यान्वयन गर्नु नपर्ने यो कस्तो खालको राजनीति चरित्र ?

जनयुद्धका बेला एकीकृत नेकपा माओवादी र उसका भ्रातृ संगठनहरूबाट कब्जामा लिएको सम्पत्ति घरजग्गा आजसम्म सम्बन्धित व्यक्तिले फिर्ता पाएका छैनन् । नेपालको अन्तरिम संविधानले व्यवस्था गरेका कतिपय कुराहरू मओवादीले लागू गरेको छैन । कुनैपनि नागरिकले आफ्नो मुलुकभित्र निर्वाद रुपमा हिंडडुल गर्न पाउने अधिकार माओवादीले हस्तक्षेप गरेको छ । सम्पत्ति आर्जन गर्न पाउने अधिकार ऊद्वारा खोसिएको छ, वाईसीएलको अर्धसैनिक संरचना भङ्ग भएको छैन । शान्ति प्रक्रियालाई सही निष्कर्षमा पुर्‍याउन माओवादी तयार भएको छैन । आफ्नो पूर्व लडाकूसँग उसको नाता तोडिएको छैन । यस्तो अवस्थामा फेरी माओवादीको त्यसमा पनि अध्यक्ष दाहालको नेतृत्वमा सरकार निर्माण गर्न अन्य दलहरू सहमत भएमा त्यसले मुलुकलाई गृहयुद्धितरि धकेल्ने प्रायः निश्चित छ । माथि उल्लेखित सबै विषयहरूका बारेमा माओवादीले प्रष्ट धारण बनाएर नागरिक पार्टी बनेको खण्डमा मात्र उसलाई जनताले विश्वास गर्न सक्ने भएको हुनाले त्यसतर्फ उन्मूख हुन हामी माओवादी नेतृत्वलाई आग्रह गर्दछौं ।

# विश्वव्यापी सिद्धान्तअनुसार सेना समायोजन गर

– देवेन्द्र चुडाल –

२०६७ जेठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि एक वर्षका लागि थपिए पनि एक महिनासम्ममा संविधान निर्माणको कार्यका लागि भनेर तिन ठूला राजनैतिक दलहरूको एउटा पनि बैठक बस्न नसक्नु तीन ठूला राजनैतिक दलहरूको जनताप्रतिको राजनैतिक बेइमानी हो । मध्यरातमा ३ बूँदे सहमति गर्ने दलहरू आजका मितिसम्ममा आफैले गरेका सहमतिहरू कार्यान्वयन गर्ने पक्षमा एक कदम पनि अगाडि बढ्न सकेका छैनन् । सार्वभौसत्ता सम्पन्न नेपाली जनताले दुई वर्षको म्याण्डेट दिएर संविधानसभामा पठाएका आफ्ना प्रतिनिधिहरू जेठ १४ पछि उनीहरू जनताका प्रतिनिधि नभएर दलका प्रतिनिधिमात्र भएका छन् । दुई वर्षसम्ममा संविधान निर्माणको कार्यलाई भन्दा सरकार बनाउने र गिराउने खेलमा राजनैतिक दलहरू सक्रिय भए । अहिले पनि कसको नेतृत्वमा सरकार बनाउने भन्ने खेलमै खास गरेर तीन ठूला दलहरू रुमलिएका छन् । एकीकृत नेकपा माओवादी संविधानसभामा सबैभन्दा ठूलो पार्टी भए पनि ठूलो पार्टी भएको नाताले उसले खेल्नुपर्ने महत्वपूर्ण भूमिका खेल्न सकेको छैन । अनेक प्रकारका बहानाबाजी गरेर उसले फेरि सत्ताको नेतृत्व नपाइन्जेल संविधान निर्माण प्रक्रिया अगाडि बढाउन नदिने उद्‌घोष गरेपछि संविधानसभाको पदावधि एक वर्ष थपिनु नै गलत भएको प्रामाणित भएको छ ।१४ गते भएको तीनबूँदे सहमतिअनुसार संविधान निर्माणको प्रक्रियालाई अगाडि बढाउँदै शान्ति प्रक्रियामा अवरोध पुग्ने सबै कार्यहरूको अवरोध घटाउनुपर्ने र ती सबै कार्य पूरा भएपछि प्रधानमन्त्रीले राजीनामा दिने उल्लेख भए पनि माओवादीको नेतृत्वले भने अहिले एक बूँदालाई थाँती राखेर केवल प्रधानमन्त्रीको राजीनामाको मात्र माग गरिरहेको हुनाले सबै समस्याको समाधान हुन नसकेको अन्य दलहरू नेपाली कांग्रेस, नेकपा एमालेलगायतका दलहरूको ठहर रहेको छ ।

एकीकृत नेकपा माओवादीको असार १२ गते सम्पन्न भएको पोलिट्‌ब्युरोको बैठकले पारित गरेको प्रस्ताव पनि अहिले अर्को बाधकका रुपमा रहेको छ । अनमिनले माओवादीका पूर्वलडाकूहरूलाई योग्यताको प्रमाणपत्र दिएको र ती सबै पूर्वलडाकूहरू सुरक्षा निकायमा समूहगतरुपमा समायोजन र व्यवस्थापन हुनुपर्छ भन्ने माओवादीको अडान जनतालाई भ्रममा पार्ने र समय लम्ब्याउँदै लैजाने रणनीतिका साथ माओवादी अगाडि बढिरहेको छ । अनमिनले माओवादीका पूर्वलडाकूहरूलाई सुरक्षा निकायमा जानसक्ने भनेर कहिं-कतै उल्लेख गरेको छैन । उनीहरू माओवादीका पूर्वलडाकू हुन् भन्नेमात्र अनमिनले प्रमाणित गरेको हुनाले माउ पार्टी माओवादीले सुरक्षा निकायको ऐन-नियम र कानून नै परिवर्तन गरेर उनीहरूलाई सुरक्षा निकायमा समायोजन गरिनुपर्दछ भन्नु ऊ अहिले पनि आफ्ना लडाकूहरूको समायोजन गर्न चाहिरहेको छैन भन्ने प्रष्ट हुन्छ । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल नौ महिनासम्म प्रधानमन्त्री भएका बेला उनी पूर्वलडाकूहरूको समायोजन र व्यवस्थापन गर्ने कार्यमा एक कदम पनि अगाडि बढेनन् । अहिले आएर माओवादीका पूर्वलडाकूहरूलाई सुरक्षा निकायमा समायोजन र व्यवस्थापन गर्न नसकिए एउटा छुट्टै बल गठन गरेर पूर्वलडाकूहरू त्यहाँ राख्नुपर्ने प्रस्ताव आफैमा विवादास्पद र हाँस्यास्पद रहेको छ । विश्वका धेरै मुलुकहरू आपसी द्वन्दमा फसेर पछि शान्तिपूर्ण मार्गमा आएर धेरै उदाहरणहरू छन्, ती देशमा पूर्वलडाकूहरूको कसरी समायोजन र व्यवस्थापन भएको छ, त्यसलाई मनन् गरेर माओवादीका पूर्वलडाकूहरूको समायोजन गर्न सकिने अवस्था भए पनि माओवादीको नेतृत्वले त्यसलाई स्वीकार गर्न नचाहनुको अर्थ हो ऊ अझै पनि शान्तिपूर्ण मार्गमा विश्वास गर्न चाहँदैन । अनि तिनै आफ्ना पूर्वलडाकूहरू र बन्दूक देखाएर अन्य राजनैतिक दल र जनतालाई तर्साउन चाहन्छ, अर्थात् उसमा अझै पनि बन्दूकको दम्भ गएको छैन । संविधानमा उल्लेख भएअनुसार र विश्वव्यापी मान्यताअनुसार सुरक्षा निकायको ऐन-नियम र कानूनलाई पालना गर्दै जति हतियार छन्, त्यति नै लडाकूहरूको समायोजन र व्यवस्थापन गरिनु अहिलेको आवश्यकता र अपरिहार्यता पनि हो । नेपाली जनता वा नेपाली युवा-युवतीलाई सुरक्षा निकायहरू, जस्तै– नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागमा जागीर खानका लागि उनीहरूले तोकेको मापदण्ड पूरा गर्नुपर्ने कानूनी बाध्यता रहेका बेला माओवादीका पूर्वलडाकूहरूलाई मात्र मापदण्ड हटाएर भए पनि भर्ना गर्नुपर्ने माओवादीका अध्यक्ष पुष्पकमल दाहालको अभिव्यक्ति आपत्तिजनक रहेको छ । २०५२ सालमा जनयुद्धको नाममा आन्दोलन शुरु गरेर २०६२/०६३ मा सहमतिमार्फत् शान्ति मार्गमा आएको माओवादीले अहिले प्रचलित ऐन-नियम, कानूनलाई हटाएर माओवादीका पूर्वलडाकूहरूलाई सुरक्षा निकायमा समायोजन गरिनुपर्दछ भन्नु नेपाली जनताको अपमान हो । सम्पूर्ण नेपाली जनताको प्रतिनिधित्व गर्ने दलले दलगत स्वार्थमात्र हेरेर अन्य दलका समर्थक र स्वतन्त्र व्यक्तिहरूको अधिकार खोस्ने दुस्प्रयास गर्नु स्वयं माओवादीको हितमा हुँदैन । माओवादीले भनेको माग पूरा भएको खण्डमा भोलि मुलुकमा गठन भएका १०८ वटा सशस्त्र हतियारधारी समूहहरूले समेत आफ्ना लडाकूहरूलाई सुरक्षा निकायमा समायोजन र व्यवस्थापन हुनुपर्ने माग राखेको खण्डमा उनीहरूलाई के गर्ने ? अहिले माओवादीको सिको गर्दै मुलुकभरमा आ-आफ्ना लडाकू दस्ता बनाउने क्रम शुरु भएको छ । १०८ वटा सशस्त्र हतियारधारी समूहहरूले ५० देखि ५ हजार सम्मका लडाकू दस्ताहरू बनाएको घोषणा गरिसकेका छन् भने संविधानसभामा उपस्थित भएका केही दलहरूले समेत त्यस्तै दस्ता बनाएका हुनाले भोलि आउने समस्यालाई मध्यनजर राखेर माओवादीका पूर्वलडाकूहरूको समायोजन र व्यवस्थापन गरिनु उपयुक्त हुनेछ ।

प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिएपछि उत्पन्न हुने रिक्तताको पूर्ति कसरी हुन्छ भन्ने कुरामा दलहरू सहमत हुन सकेका छैनन् । ३ बूँदे सहमतिलाई प्याकेजमा समाधान गर्न नेपाली कांग्रेस-एमाले सहमत भए पनि पहिला प्रधानमन्त्रीको राजीनामा र आफ्नो नेतृत्वमा सरकार गठन नभएसम्म अहिले अन्य कुनै कुरामा छलफल र बहस चलाउन माओवादी सहमत नभएपछि मुलुक अहिले अनिर्णयको बन्दी बनेको छ । असार मसान्तभित्रमा सरकारले आफ्नो नीति तथा कार्यक्रम पारित गरेर वार्षिक बजेट ल्याउनुपर्ने परम्परा पनि अहिले माओवादीकै कारण संकटमा परेको छ । एक आर्थिक वर्ष सकिने र अर्को आर्थिक वर्ष शुरु हुने भएको हुनाले नयाँ बजेट ल्याउनु सकारको दायित्व र कर्तव्य भए पनि तीन दलहरू बीच सहमति हुने आशामा सरकारले नीति तथा कार्यक्रम र बजेट ल्याउन चाहिरहेको छैन । यदि अबको केही दिन भित्र तीन ठूला दलबीच सहमति नभएको खण्डमा सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट ल्याउनुपर्ने बाध्यतामा सरकार पुग्नेछ । माओवादीको नेतृत्वले भने झैं प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिएर कामचलाऊ सरकार भइसकेको अवस्थामा दलहरू बीच कसको नेतृत्वमा सरकार बन्ने भन्ने कुरामा सहमति हुन नसकेको खण्डमा कामचलाऊ सरकारले नीति तथा कार्यक्रम र बजेट ल्याउन नसक्ने हुँदा पनि पहिला नै तीन दलहरू बीच फलानाको नेतृत्वमा सरकार बन्छ भन्ने सहमति भएपछि मात्र माधवकुमार नेपाल नेतृत्वको सरकारले राजीनामा दिनु उपयुक्त हुन्छ ।

सत्ताधारी दल नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल अहिले आफ्नै पार्टीका वरिष्ठ नेता प्रधानमन्त्रीमाथि खनिन पुगेका छन् । खनाल भन्छन्, माधवकुमार नेपाल नेतृत्वको सरकार कामचलाऊ सरकार हो, यसले राजनैतिक समर्थन गुमाइसकेको छ । तर, संविधानसम्मतढङ्गले बनेको सरकार कामचलाऊ सरकार हुन उसले राजीनामा दिएको हुनुपर्दछ, फेरि राजनैतिक समर्थन गुमाइसकेको भए पनि स्वयम् खनालको पार्टीले प्रधानमन्त्रीलाई किन फिर्ता नबोलाएको त ? राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने र सहमति हुनेबित्तिकै प्रधानमन्त्रीले राजीनामा दिने निर्णय गर्ने नेकपा एमालेको निर्णय अहिले कहाँ हरायो ? पार्टीका सामान्य कार्यकर्ताहरूले गल्ती गरेको खण्डमा उनीहरू कारवाहीको भागी हुने, तर अध्यक्षजस्तो जिम्मेवार पदमा बसेका व्यक्तिले आफ्नै पार्टीका वरिष्ठ नेताको नेतृत्वको सरकारलाई अनेक प्रकारका आरोप लगाउँदा पनि त्यसका विरुद्ध पार्टीमा कुरा उठ्न नसक्नु दास प्रवृत्तिबाहेक अन्य केही हुन सक्दैन । दास प्रवृत्ति बोकेका नेता र कार्यकर्ताहरू अहिले एकीकृत नेकपा माओवादीप्रति नरम नीति लिएर अगाडि बढेका हुनाले कतै एमालेका अध्यक्ष झलनाथ खनाललाई माओवादीले प्रधानमन्त्रीको कुर्सी उपहार दिने प्रयास गरेर नेकपा एमालेलाई फेरि फुटाउन खोजेको त छैन भन्ने एमालेका केही नेताहरूले गुनासो गर्न थालेका छन् । यसरी जेठ १४ गतेपछि प्रायः सबै दलहरू आन्तरिक द्वन्दमा फसेका हुनाले अब संविधानसभाको पदावधि लम्ब्याउनु नै गलत थियो भनेर दलहरूले नै जनतालाई प्रष्ट पार्दै पुनः संविधानसभाको चुनावका लागि संविधानसभाले मिति तोक्दै आफू विघटन भएको घोषणा गरेमात्र त्यो मुलुकको हितमा हुनेछ । ताजा जनादेशपछि संविधानसभाले फेरि जनताको म्याण्डेट पाउँछ, अहिलेका दलहरूको हैसियतमा फेरबदल हुने र संविधान निर्माण गर्ने कार्यलाई समेत सहयोग पुग्ने भएको हुनाले अविलम्व संविधानसभा विघटन भएको घोषणा गरियोस्, त्यसैमा मुलुकको हित हुनेछ ।

# नेपालमा दिल्लीले घोडा फेर्दैछ है

**राजन कार्की**

प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिएपछि दिल्लीले नेपालमा घोडा फेर्ने मौसम सुरु भएको छ। नेपालका पार्टीहरू जनतालाई भन्दा दिल्लीलाई बढी विश्वास गर्छन् र जनतालाई सत्तामा उक्लने भऱ्याङमात्र बनाउने गर्छन्। त्यही निरन्तरता फेरि एकपटक दोहोरिने भएको छ। सत्ताका लागि ठूला तीन दल दावेदारका रुपमा देखिएका छन्। तिनै दल दिल्लीसँग सम्बन्ध सुधार गर्न दिनरात एक गरिरहेका छन्। दिल्लीले कसको कठालो समातेर सिंहदरवार हुलिदिन्छ, त्यो नेपाली जनताका लागि नौटङ्कीभन्दा कम रोचक हुनेछैन।

प्रसङ्ग, नेपालमा भारतीय मानसिककताको उठाऔं। नेपालको काठ भारतमे मिल्ता है, हमारे आदमी नेपालमे मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति है, नपत्याए जोगबनी, रक्सौल, भिठामोड, नौतनुवा अथवा रुपैडियातिरका भारतीय बजारमा गएर हेर्नुस्। हिजोसम्म राजधानीका खालीशीशी पुराना कागज, तरकारी बेच्ने अथवा फलफूल बेच्नेलाई कसैले हेप्यो भने 'हमारे कालीमाटीमा आइए' भनेर धम्क्याउँथ्यो, कसैले तिनलाई कुट्यो अथवा लुट्यो भने भारतीय दूतावासमा मुद्धा हेरिन्थ्यो, अब त्यो स्थिति अरु मजबुत हुनपुगेको छ। देश नेपाल, शासन भारतको। कस्तो अच्छा लोकतान्त्रिक गणतन्त्र ?

वीर अस्पतालमा चल्न नसकेको डाक्टर रामबरण यादवले अथवा नेपालीले कहिले सोचेका थिए होलान्- उनी राष्ट्र नेपालका राष्ट्रपति बन्छन् भनेर ? नेपालमा १० वर्षे परिपक्व जनयुद्ध दिल्लीको १२ बुँदे सहमतिमा बुझाएर सिंहदरवारको बेलायती बैठकमा आफूलाई परिवर्तन गर्ने प्रचण्ड हुन् अथवा भारतले भनिदिएको 'दक्षिण एसियाका महान राजनीतिज्ञ' स्व. गिरिजाप्रसाद कोइराला, यी दुई होनहार नेताबीच गणतान्त्रिक नेपालको पहिलो राष्ट्रपति तँ बन्ने कि म बन्ने ? भन्ने 'हाडको टुक्राका लागि भएको कौवा झगडामा' ब्वाँसो न्यायाधीश भएर आफैले खाएर हिँडेजस्तो गरी डा.रामबरण यादवको नाममा राष्ट्रपति पद आँखा चिठ्ठा पारियो। उनलाई त्यो पदमा पुऱ्याउनकै लागि प्रचण्ड र गिरिजाभित्र दक्षिणी चाणक्यले पम्फू भऱ्यो र सफलता पायो।

त्यस्तै खेल उपराष्ट्रपति पदका लागि पनि खेलियो। प्रचण्डलाई प्रधानमन्त्री बनाउनकै लागि भारतले 'भाग शान्ति जय नेपाल' को पासा फ्याँक्यो। फोरमको ५२ सिट थियो र त्यो समर्थन भविष्यका लागि कांग्रेस एमालेले आफ्नो पक्षमा राख्नु जरुरी थियो। फोरमले उपराष्ट्रपतिमा परमानन्द झा र उपप्रधानमन्त्रीमा उपेन्द्र यादवको सिट पक्का गऱ्यो। न्यायाधीश छँदा भ्रष्टाचार मुद्धा लागेर पद घटुवा भएका परमानन्द झा देशका उपराष्ट्रपति ? ल्याकत र योग्यताले न राष्ट्रपति बने, न उपराष्ट्रपति ?

प्रचण्ड प्रधानमन्त्री बने। उनलाई लाग्यो, नेपाली सेनाको प्रधानसेनापतिमा आफ्नो मान्छे फिट गर्न सक्यो भने २० वर्ष निस्कंटक माओवादी राज्य चल्छ। हुन पनि १९५० देखि ७० को दशकसम्म चीनमा माओ युग थियो। माओवादी प्रचण्डले माओ बन्ने सपना देख्नु अनौठो थिएन। जनताले ४० प्रतिशत सिट जिताएर जनयुद्धलाई लोकयुद्धको तक्मा भिराइसकेका थिए। जनयुद्धको कलङ्क संविधानसभाको चुनावमा धोएर नैनसुतजस्तो सेतो बनिसकेको थियो। प्रधानसेनापति कटवाललाई हटाउने हठात निर्णय गरे प्रचण्डले। संयुक्त सरकारका अन्य दलले हुन्न भनेको श्वर सुनेनन् उनले, उनको हठ अन्ततः प्रधानसेनापतिलाई बर्खास्त गर्ने निर्णय बन्न पुग्यो। सरकारमा भएका वा नभएका १८ दलले राष्ट्रपतिलाई लिखित उजुरी गरे, यो त अनहोनी भयो, प्रधानमन्त्री प्रचण्डको कदम गलत हो, रोक्नुपऱ्यो। संविधानसभाका २५ दलमध्ये १८ दलले भनेपछि राष्ट्रपति कसरी चुप लाग्न सक्छन् ? राष्ट्रपतिले प्रधानमन्त्रीको निर्णय विरुद्ध प्रधानसेनापतिलाई निरन्तर काम गर्ने चिठी थमाइदिए। नेपाली सेनाको सिपाही कटवाल पदमा कायम रहे, जनयुद्ध गरेर आएको सिपाही प्रचण्डले सिपाही मिजास निकाल्दै राजीनामा दिए। प्रचण्डलाई लागेको होला- ४० प्रतिशत सिट भएको ठूलो पार्टी नभए कसरी देश चल्छ ? ६० प्रतिशत सिट भएका दल मिले, बिदेशी चलखेलमा मिलाइए, प्रचण्डको इटाको जवाफ पत्थरबाट आयो- दुई ठाउँमा चुनाव जितेका प्रचण्ड सडकमा पछारिन पुगे, दुई ठाउँबाट चुनाव जितेका माधवकुमार नेपाल प्रधानमन्त्री बन्न पुगे। नेपालको गणतान्त्रिक लोकतन्त्र, नेपालको जनादेशप्राप्त संविधानसभा जिल्लाराम पऱ्यो।

चुनाव हारेका माधवकुमार नेपालको लोकतान्त्रिक सरकार, कुशासन हुनु थियो, सुरु भयो लखनौं लूट। मुलुक चौतर्फी रुपमा दुरावस्थाबाट गुज्रिन थाल्यो। राजनीतिमा अराजनीति मिसायो भने त्यसको फ्यूजन के हुन्छ ? त्यो फ्यूजन नागरिक सर्वोच्चताको कुरा गर्ने बिशेषज्ञ प्रचण्डलाई थाहा होला। नागरिक कहाँ छन्, देश कहाँ छ ? कुनै राजनीतिज्ञले छातीमा हात राखेर भन्न सक्छ ? हड्ताल, संसद बन्द, आमहड्ताल, नारा जुलुस हुनथाले। उद्योगधन्दा बन्द भए। बिधिसम्मत कुनै निर्णय हुनछाड्यो। मनलागी र मनपरीको पर्याय शासन कुनै हो भने माधव नेपालको सरकार हो। जनताले परिवर्तन ल्याए, भोट दिए, भोट नपाएका माधव नेपालको खप्परमा बत्ती बल्यो। यो कस्तो परिवर्तन ? परिवर्तनलाई सिण्डिकेट प्रथा र दरवन्दीमा चलाउन थालेपछि सहमति र सहकार्य टुट्नु निश्चित थियो र वर्तमान नेपाल नेपालीले कम र विदेशीले विदेशबाटै चलाउन थालेका छन्। यही मौका पारेर महिनाका दुईथानका दरले एक वर्षमा २४ गैंडा मारिए, अरु बन्यजन्तु र वनौषधि कति बिमाख भए, त्यसको हिसाबकिताव नै छैन। भर्खर खबर सार्वजनिक भएको छ, दलहरूले छानबिन समिति बनाएर अनुसन्धान गर्न थालेका छन्- माधवकुमार नेपालको शासनकालमा राजनीतिक दलका कार्यकर्ताहरू मिलेर बन सखाप पारे। हेलिकोप्टरबाट निरीक्षण भयो- घना बनजंगल नाङ्गै भइसकेछन्। सीमापारितिर सूचना टाँगेर लेखिएको बोर्ड देखिन्छ- नेपालके काठ यहाँ मिलता है। भारतका जल माफिया, सीमा माफिया, ट्रान्सपोर्टर अथवा कुनै पनि व्यापारी दिल्लीमा पुगेर फोन गराएरमात्र काठमाडौं आउँछ र काम फत्ते गरेर फर्कन्छ। उनीहरू भन्छन्- हमारे आदमी नेपालमे मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति, उपराष्ट्रपति हैं। नेपालमा लोकतान्त्रिक गणतन्त्र आयो। यो गणतन्त्रको अभिभावक को हो ? जनता, जनता कहाँ छन्, जनताको हैसियत के छ ? अभिभावक नेता हुन्। नेता भनेका दिल्लीका दरवानभन्दा माथिल्लो श्रेणीमा देखिदैनन्। के दरवान घर वा घरको व्यवस्थाको मालिक हुनसक्छ ? दरवानको काम त मालिक आउँदा ढोका खोलिदिने, सलाम ठोक्ने र ढोका लगाएर ढोकैमा बस्ने ढोकेमात्र हो। घरभित्रबाट मालिकले जे निर्देश गर्छ, त्यो निर्देशको पालना गर्ने काम दरवानको हो। ६० लाख नेपाली भारतमा रोजगारीका लागि गएका छन् र अधिकांश दरवानी गरिरहेका छन्। नेपालको राजनीतिमा २५ दल छन् र तिनीहरू भारतको दरवानीगिरीको भूमिका देखिएका छन्। भारतमा रोजगारीका लागि गएका र नेपालमा राजनीतिक रोजगारीमा रहेका दरवानहरूमा भिन्नता के रहयो ? न भारतमा काम गर्ने दरवान स्वाधीन छ, न राजनीतिक बर्ग स्वाधीन छु भन्ने प्रमाणित गर्न सक्छ। अनि भन्दैनन् भारतीयहरू- नेपालमे हमारे आदमी मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति हैं।

नेपालको वर्तमान लोकतान्त्रिक गणतन्त्र कुनै पनि कोणबाट असल छैन, यसको भविष्य असल छ भन्ने आधार पनि छैन। पिलन्धरे काँतरहरू इतिहास पढ्दैनन्, यिनलाई नालापानी अथवा बलभद्र पनि थाहा छैन। यिनले जानेको भनेको राजतन्त्र फाल्यौं। राजतन्त्र फालेर कुनचाहिँ राम्रो काम गऱ्यौ ? भनेर सोध्ने हो भने यिनीहरू नाजवाफ हुन्छन्। नाजवाफ हुनु भनेको नामर्दपन हो। नामर्दहरूले हाँकेको रथका यात्री हौं हामी, खलासीले हाँकेको गाडी र नामर्दले हाँकेको राजनीतिक रथ उस्तै उस्तै हो, जुन जहिलेसुकै दुर्घटनामा पर्नसक्छ। जनआन्दोलन दुईको भाषण मदिरापान गराएर कतिञ्जेल जनताको आँखाका धुलो झोंकेर राजनीतिक बाली भित्र्याइरहन सकिन्छ ?

नेपाल अनहोनी देश हो। भनिन्छ, ज्ञानेन्द्र शाहको निधारमा तीनपटक राजा हुन लेखेको छ। उनको जन्मपात्रोले त्यसै भन्छ। ज्ञानेन्द्र शाह दुईपटक राजा भइसकेका छन् र तेस्रोपटक सांस्कृतिक राजा बन्ने चर्चा पनि चलेको छ। उनी जुन जिल्लाको मन्दिरमा पूजा गर्न गए पनि जनताले स्वागत गर्ने क्रम बढ्दै गएको छ। माओवादी किल्ला रुकुम रोल्पा र गोरखा, कांग्रेसको किल्ला डडेलधुरा वा एमालेको किल्ला काठमाडौंमा पूर्वराजा निस्किए र जनताले जिन्दावाद भनेर नारा लगाए भने अहिले जंगल मासेझैं ०६४ सालमा राजनीतिक सहमति गरेर राजतन्त्र र हिन्दूधर्म मास्ने राजनीतिक दलहरूसँग आफ्नो निर्णयका पक्षमा दिने प्रष्टिकरण बाँकी रहला ? पूर्वराजा शक्ति भएर निस्किसकेका छन् र लोकतान्त्रिक गणतन्त्रले नेपालमा भारतबाद र क्रिस्चियन धर्मलाई एड्स रोगजस्तैगरी बढाइसकेको सन्दर्भमा राजतन्त्रको पुनःस्थापना अपरिहार्य देखिन थालिसकेको छ। नेपालमा बढेको जातीय बिद्वेषलाई सद्भावमा बदल्न र विदेशी हस्तक्षेपलाई नियन्त्रण गर्दै राजनीतिक स्थिरता र लोकतान्त्रिक गणतन्त्रको अभिभाविकविहीन अवस्थाको 'ब्याकुम भर्न'का लागिसमेत राजतन्त्रको आवश्यकता देखिन थालेको छ। समयको आवाजलाई नसुन्ने पूर्वाग्रही भएर राजनीतिक शठपन नै देखाउने हो भने नेपालको अन्धकार भविष्यमा उज्यालो छैन भन्दा हुन्छ। यो यथार्थ सबैभन्दा बढी युवाहरूले बुझ्नुपर्ने हो।

# आरोप-प्रत्यारोप माओवादीभित्र पनि

काठमाडौं / फलामे अनुशासन भएको पार्टी भनेर चिनिएको एकीकृत नेकपा माओवादी अहिले आन्तरिक द्वन्द्वमा फसेको छ। नौ महिनासम्म सत्ताको बागडोर हातमा लिएका त्यस पार्टीका अध्यक्ष पुष्पकमल दाहालमाथि उनैको पार्टीका वरिष्ठ नेताहरूले विभिन्न आरोप लगाएपछि अध्यक्ष दाहालले एक सार्वजनिक कार्यक्रममै उद्घोष गरे, आफ्ना भन्नेहरूले नै दुश्मनको भाषा बोले र दुश्मनहरूको बोलीमा बोली मिलाय। यो उनको उद्घोष पछि सारा नेपाली जनताले थाहापाए एकीकृत नेकपा माओवादीभित्र कति असन्तुष्टी रहेछ। केही दिन पहिला माओवादीका वरिष्ठ उपाध्यक्ष मोहन वैद्य किरण, अर्का उपाध्यक्ष डा.बाबुराम भट्टराई र महासचिव रामबहादुर थापा बादलले अध्यक्ष दाहाल पार्टी हाक्न असफल भएको र व्यक्तिगत स्वार्थमा लागेर आफैं प्रधानमन्त्री हुन खोजेको आरोप लगाएपछि अध्यक्ष दाहाल र अन्य पदाधिकारीहरूबीच तिव्र विवाद बढेको छ।

मुलुक अहिले संकटपूर्ण अवस्थामा पुगेको छ। दलहरूको अकर्मण्यता र नालायकीपनकै कारण मुलुक असफल राष्ट्र तर्फ उन्मुख भएको छ। ऐन, नियम र कानून सोझासाझा जनताको लागि मात्र भएका छन्। दिनहुँ जस्तो हत्या, हिंसा, आतंक, अपहरणका घटना हुने गरेपनि त्यस्ता समस्याहरूको समाधान गर्न न त यसअघिको सरकार अग्रसर थियो न त अहिलेको नै छ, यसरी मुलुकमा दण्डहिनताले प्रश्रय पाएपछि संविधान ऐन, कानून केवल देखाउनका लागि मात्र भएका छन्। राजनैतिक दलहरू अपराधिका संरक्षण केन्द्र बनेका छन्। प्रत्येक राजनैतिक दलहरूले अपराधीलाई संरक्षण दिएर तिनै अपराधी मार्फत् आफ्नो स्वार्थ पुरा गरिरहेको वर्तमान अवस्थामा मुलुकमा शान्ति सुरक्षा बहाली हुनसक्ने अवस्था छैन। प्रत्येक दलले राजनैतिक क्षेत्रदेखी लिएर प्रत्येक क्षेत्रमा ठाडो हस्तक्षेप गरेर कर्मचारी तन्त्रलाई पङ्गु बनाएका छन्। त्यसैगरी सुरक्षा निकायपनि हस्तक्षेपबाट मुक्त हुन नसकेको हुनाले सुरक्षा निकाय पनि उकुस-मुकुस वातावरणमा रहेको आभास सजिलै पाउन सकिन्छ।

एक दलले अर्को दललाई विश्वास गर्ने नसकिरहेको अवस्थामा आ-आफ्नो दलभित्रै नेताहरू आन्तरिक द्वन्दमा फस्नु भनेकोदलहरूको असफलता र नेताहरूको अकर्मण्यता नै हो। एउटा नेताले आफ्नै दलको अर्को नेतालाई आरोप लगाउँदा आरोप लगाउने नेता पनि चोखो रहन सक्दैनन्। हिजो स्वार्थ मिलुनजेल त्यही नेताको वरिपरि घुम्ने अनि आज स्वार्थ नमिलेको अवस्थामा आरोप प्रत्यारोप गर्ने आफ्नो पार्टीमा भएका गल्ती कमजोरीका बारेमा बेलैमा सजग हुन नसकेको किन भने जनताले प्रश्न उठाएको खण्डमा त्यस्को जवाफ दिन नेताहरू तयार हुन्छन त ? पुष्पकमल दाहाललाई लगाइएका आरोप र दाहालले अन्यलाई लगाएका आरोप केवल जनतालाई झुक्याएर अझै पनि उनीहरू झुठको राजनीतिक गर्ने प्रयास बाहेक अन्य केही हुन सक्दैन। व्यक्तिगत स्वार्थका लागि लगाइएका आरोप प्रत्यारोपले गर्दा नेपाली जनतालाई नभएर स्वयम माओवादीलाई नै घाटा हुन्छ। जनताले त केवल जानकारी मात्र लिने हो।

# नेपालमा पेट्रोल अन्वेषण आयोजना

काठमाडौं / धनगढी, कर्णाली, लुम्बिनी, वीरगञ्ज र मलङगवा क्षेत्रमा व्यापक तयारी गरेर २०६१ सालदेखि नेपालमा पेट्रोलियम पदार्थको अन्वेषण गर्न आएको अमेरिकी टेक्साना रिसोर्सेज कम्पनीभित्री साँठगाँठ गरेर बेलायतको केर्पन कम्पनीलाई जिम्मेवारी सुम्पेर फिर्ता हुन लागेको छ। १२ वर्ष नेपालका विभिन्न भागमा पेट्रोलियम पदार्थको अन्वेषण गरेको अमेरिकी कम्पनी टेक्सानाले आफू फिर्ता हुनुमा आतंक र आराजकताले काम गर्न सकिएन, काम गर्न काबु बाहिरको स्थिति भएको आरोप लगाएको छ। यसरी आरोप लगाउँदा कम्पनीले वर्षको एक लाख डलर नेपाललाई तिर्नु पर्दैन। नेपालमा काबु बाहिरको स्थिति छ र काम गर्न सक्दैन भने अमेरिकी कम्पनीले पाएको जिम्मेवारी बेलायती कम्पनीलाई किन हस्तान्तरण गर्ने ? एउटा कम्पनीले काम गर्न नसक्ने, अर्को कम्पनीले कसरी काम गर्न सक्छ ? यो यस्तो प्रश्न हो, जसले यो अन्वेषण आयोजनाले नेपाल सरकारलाई तिर्नुपर्ने वार्षिक एक लाख डलरको दरले १२ वर्षको १२ लाख डलर पचाउने जालझेल गरेको आशंका गरिएको छ। अमेरिकन कम्पनीले खानी विभागका कर्मचारी र केही राजनीतिक दललाई समेत खिलाएर-पिलाएर प्रभावमा पारेको स्रोतले जानकारी दिएको छ। नेपालको डलर राजनीति र अनिश्चित वातावरणमा खिलाउन-पिलाउन सके जस्तोसुकै असम्भव काम पनि सम्भव हुने कुरा अमेरिकनहरूले राम्ररी बुझेर लाभ उठान थालेका छन्। जसबाट घाटा नेपाललाई भइरहेको छ।

– *सरला के.सी. (प्रशिक्षार्थी)*

# Indian water belligerence

**Professor Khurram Shahzad**

It has been a venerable and established speculation among political experts that the world's future wars will be fought over water, not oil. Where the whole world is fortunately lagging a bit behind for entering into this ill-fated era of 'hydrological warfare', it clearly seems that the subcontinent has perhaps surpassed the rest of the world with Indian courtesy. Now it has expediently forced again the region to slip into a new kind of fracas. Experts say it would be the era in which rivers, lakes and aquifers become national security assets to be fought over, or controlled through surrogate armies and client states.

At its eastern border India has started decanting the rivers irrigating the Bangladeshi plains and deltas. India devices to divert huge quantities of water from major rivers, including the Ganges and Brahmaputra, blocking that water from reaching Bangladesh where it is essential for the rice crop, upon which 80 percent of farmers depend for survival (also mark the current global rice shortage). It will also lead to the drying out of the Sunderbans and consequent destruction of all its rich biodiversity. This water aggression has left the country of rivers with no option but to seek the UN intervention and creation of international water laws to avert this catastrophe it may face in future.

Coming to West, Pakistan has become the victim of Indian hydrological warfare to arrogate its rivers. The construction of Uri Todiam Dam on River Poonch and Kishan Ganga Dam on river Neelum, two tributaries of River Jhelum are about to hit its final stage. Many other small hydel projects had also been completed while paper work has been on track for construction of five more dams; most of them are to be constructed on Pakistani rivers. The work pace on several of these projects prognosticate their completion by 2012 and at that very instant India will be in a position to close down both of these rivers. Consequently, the closure of these rivers would play havoc with Pakistan's agriculture and industry. Furthermore, the inhabitants of these areas inside Pakistan will have to spar the drinking water paucity.

India has also commenced the building of major dam at Kargil on River Indus and it has disbursed $ 200 billion for this purpose. The scenario for Pakistan gets grimmer with further construction of 12 dams on tributaries of River Indus. India was using water of Indus River through a tunnel since long, which also amounts to major water aggression. Interestingly, it has persuaded Afghanistan to originate a water reservoir on the River Kabul, another tributary river of the Indus.

Afghanistan at present utilizes just a fraction of Kabul waters to irrigate about 12,000 acres of land. It plans to construct a dam on the Kabul River and set up the Kama Hydroelectric Project to utilize 0.5 MAF water to irrigate additional 14,000 acres. In connivance with the Jewish lobby India has been maneuvering in war-ravaged Afghanistan where about known 4,000 plus technical workers have been posted in the name of reconstruction. This employs the well-established notion that it has been committing a silent strategic water offence against Pakistan not only from inside but from other neighboring countries.

The Indian water belligerence started when despite signing the 1960 Indus Water Treaty, it invited a bid for the development of a barrage namely Tulbul Navigational Project in 1985. The barrage was to be constructed on the River Jhelum, below the Wullar Lake near Sopore, 25 km north of Srinagar.

For Pakistan, the geo-strategic significance of the site lies in the fact that its protectorate endows India with the means to browbeat Pakistan. A dam on that site has the prospective to devastate the intact system of the triple canal project within Pakistan namely, the Upper Jhelum Canal, Upper Chenab Canal and the Lower Bari Doab Canal.

While India started work on the Wullar Barrage initially, Kashmiri freedom fighters launched their operations that wrecked the machinery and the under-construction dam, which led to India calling off work on the dam and was subsequently resumed at a later stage. It seems that the construction work pertaining to the Wullar Barrage has entered a decisive phase. After this, the Indian government brushed aside five main objections raised by Pakistan relating to the construction of the Baglihar Dam and commenced construction work. The construction of this controversial project violated not only the Indus Water Treaty but robbed Pakistan of its precious Chenab water. New Delhi also opposed any alteration in the design, as recommended by its neighbor.

Pakistanis believe that the height of the dam at 470 feet is disproportionate and will create a reservoir in excess of the power generation needs. The new reservoir potentially could block the flow of the river for 26-28 days during the low season (January-February). It is also contended that a drop of 7,000 cubic feet per second per day in the river's flow to Pakistan will come to pass during this period. The Baglihar Dam together with Dul Hasti and other dams can plainly diminish the flow of Chenab during the vital Rabi crop-sowing season (January and February). The dried crop could spell a disaster to Pakistan's agricultural economy. It has feared that India might also be diverting water to some canals near Akhnor in Kashmir and storing the water in the Salal Dam in Jammu.

In this series of water robberies of its own kind, next comes the Kishan Ganga project on the Neelum River. It enters Azad Kashmir from the Occupied Kashmir at a distance of about 200 kilometers east of Muzaffarabad and travels in a general westward direction. Near Muzaffarabad, the river turns sharply towards south and joins the Jhelum River. This location has been the focus of studies for past three decades for development of power potential of the Neelum River for Pakistan.

A 963 MW hydropower can be developed if the Neelum and the Jhelum rivers were interlinked by constructing a 32 kilometers long tunnel. Blueprints and technical stipulations were finalized in 1997 and Wapda selected this project in 2001 for execution under its Vision 2025. But again knowing the fact that Pakistan has been contemplating a dam on this site, India also started pursuing a plan to divert the Neelum water for its own hydropower generation.

With the apprehension that the Indian plan may ultimately reduce the Neelum water flowing into Azad Kashmir, Pakistan now intends to expedite the implementation of the Neelum-Jhelum Hydro Power (NJHP). By completing the NJHP before the Indian diversion plan, it is hoped India and the international community can be persuaded to accept Pakistan's historic right on the unexpurgated water of the Neelum as offered in the Indus Basin Water Treaty.

With all these hydro-atrocities India is double-dealing by alluring Pakistan in discussion and recommencing with the construction of these dams in tandem. India's scheme is to sway the Kashmiris that by persistently juxtaposing the building of dams in Kashmir, the Pakistani government was negating their right to progress, which is totally against facts. How can the world move towards a future of cooperation rather than conflict on water? One believes that there must be implied some rules internationally to avoid the water conflicts.

Countries must avoid unilateralism in building water reservoirs. Any major upstream alteration in a river system, or increase in use of shared groundwater, should be negotiated, not imposed as in case of Indian water aggression on its neighbors. Governments in the Subcontinent should look beyond national borders to basin-wide cooperation. Building strong river-basin institutions could provide a framework for identifying and exploiting opportunities for cooperation.

In trans-national water disputes, upstream nation is more powerful than the downstream and therefore more cavalier about taking into account downstream needs? That is exactly what the situation is in the Subcontinent. One must also realize the fact that two countries of the region are nuclear powers. And one of them is being kept water stressed by the other. This invites the attention of the keepers of the world to ponder over the situation.

# राम्रो प्रशासन भएको प्रान्त–बिहार

***अमर मल्लिक***

सन् १९५० को दशकको प्रारम्भमा भारतीय प्र.म. जवाहरहरलाल नेहरूले अंग्रेजबाट विरासतमा प्राप्त भारतीय प्रशासनतन्त्रको अध्ययनकालागी अमेरिकी जनप्रशासन विज्ञ आर. डब्ल्यू. एपलबी लाई बोलाएका थिए। एपलबीले सन् १९५६ मा पेश गरेको प्रतिवेदन अनुसार भारतभरीमा बिहार "राम्रो प्रशासन भएको प्रान्त" भनि अंकित थियो। सन् १९५२ (२००९) मा यदुनाथ खनालले अक्सफोर्ड विश्वविद्यालयका अंग्रेजी विषयका रेन नामका एकजना बेलायती प्रोफेसरलाई भेटे। उनले पटना वि.वि. स्थापना हुनलाग्दा त्यहां शिक्षक हुनका लागी दर्खास्त दिएका थिए तर उनी छानिएनन्। जुन मानिस अक्सफोर्ड वि.वि. को प्रोफेसर हुने क्षमता राख्थ्यो त्यो पनि अस्विकृत भएबाट भारतीय विश्वविद्यालयहरूमा प्राध्यापकहरूको छनौट प्रक्रिया कति कठोर रहेछ भन्ने देखिन्छ र त्यसको प्रशंसा नगरी रहन सकिन्न। त्यस्तै शिक्षकहरू हुन जो ***शिक्षा शिक्षाकै लागी हो*** भन्ने विश्वास गर्छन् र जस्तै राजनीतिक दवाव आए पनि आफ्नो विचारबाट डगमगाउँदैनन्। तिनले भारतको राष्ट्रियताको लाभ निम्ती मेकालेकै शिक्षा पद्धतीबाट पनि भारतका स्वतन्त्रतासेनानीहरू पैदा गरे। (यदुनाथ खनाल जीवनी र विचार, लेखक जयराज आचार्य, पेज १५४, साझा प्रकाशन) बिहारका पूर्व मुख्यमन्त्री लालु यादवले आफू पदमा छंदा आफ्ना नौ जना सन्तान मध्ये एक छोरीले मेडिकल अध्ययनका लागी प्रवेश परिक्षा पास गर्न नसकेपछि जमशेदपुर स्थित टाटा मेडिकल कलेजमा प्रवेश दिलाइदिन रतन टाटालाई अनुरोध गरे बमोजिम भर्ना गराए। भर्ना त्यहां लिए पनि बाबुको जोडबलले छोरीले पटना मेडिकल कलेजमा क्लास लिने गर्थिन्। सो कुरा जमशेदपुर स्थित टाटा मेडिकल कलेजका प्रिन्सीपलले थाहा पाएपछि उनले मानेनन्। अन्त्यमा, प्रिन्सीपलको कडा रवैयाको अगाडी लालुले झुक्नुपर्‍यो। प्रमुख निर्वाचन आयुक्तमा क्याबिनेट सचिवबाट अवकाशप्राप्ती पछि इमान्दार छविका टि. एन. शेषणको नियुक्ति पछि मात्रै बिहारी जनताले शान्त वातावरणमा आफ्नो मताधिकार प्रयोग गर्न थालेका हुन्। त्यस अघि बुथ क्याप्चरिंग हुने गर्दथ्यो। अहिले पनि बिहारमा हुने लोकसभा तथा विधानसभाको निर्वाचन ५, ६ दिनमा सम्पन्न हुने गर्दछ। जे भए पनि त्यो निर्वाचनले लालु जस्ता हस्तिहरूको औकात देखाइदिने भने गरेकै छ। आखिर, सन् ५० को दशकतिर त्यति राम्रो रहेको बिहारको रेकर्ड एक्कासी कसरी खस्कियो ? डां राजेन्द्र प्रसाद, जय प्रकाश नारायण, ललित नारायण मिश्र जस्ता इमान्दार र कर्मठ नेता पाएको बिहारले त्यसपछि जातीवादी राजनीतिको चक्रव्युहमा फंसेर त्यो हविगत् भएको हो भन्ने मान्यता छ। हाल आएर बिहारले पुरानै ट्र्याक समात्दै गरेको बुझिन्छ। खनिज सम्पदामा धनि झारखण्ड बिहारबाट अलगिएपछि बिहारमा लालु र बालु मात्र बांकी रहेको सुनिन्थ्यो। टाटानगर, रांची, बोकारो जस्ता औद्योगिक नगरी झारखण्डमा परेकोले बिहारमा एक किसिमको निराशा हेर्न सकिन्थ्यो। सन् २००३।०४ मा नकारात्मक वृद्धि अर्थात् ५.१५ प्रतिशतमा चित्त बुझाउन बाध्य बिहार भारतको केन्द्रीय जनसंख्या संगठनले सार्वजनिक गरेको तथ्यांक अनुसार यसको आर्थिक वृद्धिदर दुई अंकमा अर्थात् ११ प्रतिशतले भारभरमा दोस्रो स्थानमा रहेको छ। प्रथम स्थान गुजरातको ११.०५ प्रतिशत रहेको छ भने भारतको औसत आर्थिक वृद्धिदर ८.४९ प्रतिशत मात्र छ। भारतमा बिहार, मध्यप्रदेश, राजस्थान र उत्तरप्रदेशलाई (अंग्रेजी छोटकरी - "बिमारु") राज्य भनिआएकोमा बिहार भने सो घेराबाट अब मुक्त भएको छ। सफल केन्द्रीय रेलमंत्रीबाट बिहारको मुख्यमंत्री बनेका इञ्जिनियर नितिश कुमार तथा उपमुख्यमंत्री एवं अर्थमन्त्री सुशिल मोदीको संयुक्त टिम यसलाई प्रयोग गरिनेछ। निलोभा रोय चौधरी, अन्नपूर्ण पोष्ट -२३ पुष, २०६६ नेपालमा लोकतन्त्र प्राप्ती पछि देखिएको अराजकतालाई लिएर धेरैको भनाई हुने गर्दछ, नेपाल अब बिहार जस्तै हुने भयो। खासगरी बन्द हडताल, चक्काजाम, हत्या, लुटपाट, अपहरण, फिरौती, नक्कली रुपियां छाप्ने जस्ता कुराहरूमा तथा राजनीतिक दलहरूमा देखिएको छिड्केदाउ, बेइमान नेताहरूको भ्रष्ट आचरण तथा निर्वाचनताका अपनाइने गतिविधिलाई मध्यनजर गर्दै यस्ता टिप्पणीहरू नेपालमा मात्रै होइन भारतका अन्य प्रान्तमा पनि हुने गर्दछन। बिहारको आर्थिक दुरावस्थालाई केन्द्र सरकारले केही भरथेग गरेकोले मात्रै टिकीराखेको हो। हुन पनि हो, बिहारमा हुने त्यस्ता के गतिविधि हुन बांकी छ नेपालमा ? जाली पासपोर्ट, गाडीको लाइसेन्स, नागरिकता, नक्कली शैक्षिक प्रमाणपत्रहरू लिन बिहार जानु पर्दैन अब। ति सब कुराहरू नेपालमै उपलब्ध छन, त्यो पनि तत् तत् कार्यालयहरू अगाडी नै दलालहरू सक्रिय हुन्छन्। पैसाको जोहो गरेमा तुरुन्तै उपलब्ध हुन्छ।

**अहिले पनि बिहारमा हुने लोकसभा तथा विधानसभाको निर्वाचन ५, ६ दिनमा सम्पन्न हुने गर्दछ । जे भए पनि त्यो निर्वाचनले लालु जस्ता हस्तिहरुको औकात देखाइदिने भने गरेकै छ । आखिर, सन् ५० को दशकतिर त्यति राम्रो रहेको बिहारको रेकर्ड एक्कासी कसरी खस्कियो ? डां राजेन्द्र प्रसाद, जय प्रकाश नारायण, ललित नारायण मिश्र जस्ता इमान्दार र कर्मठ नेता पाएको बिहारले त्यसपछि जातीवादी राजनीतिको चक्रव्युहमा फंसेर त्यो हविगत् भएको हो भन्ने मान्यता छ ।**

वर्कले बिहारको प्रगती सम्भव भएको हो। नितिश कुमारले संधै आधारभुत स्वास्थ्य सेवा, शिक्षा तथा पूर्वाधार क्षेत्रमा सुधार गरि गहन आर्थिक वृद्धिदर हासिल गर्न सकिन्छ भन्दै आएका छन्। राज्यको शान्ती सुरक्षामा सुधार आउनासाथ उद्यमीहरू आकर्षित भई राज्यको आर्थिक वृद्धिदरलाई सहयोग पुगेको हो। अर्थशाष्त्रका लागी नोबेल पुरस्कार विजेता अमर्त्य सेन र योजना आयोगका उपाध्यक्ष मोन्टेक सिंह अहलुवालीयाले केही अघि यस राज्यको भ्रमण गरेका थिए। बिहार राज्यले विकास अभियान तथा अन्य क्षेत्रमा विदेशी लगानी भित्र्याउन विदेशमा बसेकालाई "सर्च योर रुट" अर्थात् "मूल खोजौं" कार्यक्रम लागु गरेको छ। विश्वमा आर्थिक मन्दी बढेको बेला र मुलुकले आर्थिक वृद्धिदर नौ प्रतिशतबाट ६.७ प्रतिशत घटेको सहनुपरेको समयमा बिहार राज्यले ११.४४ प्रतिशत एसजीडीपी हासिल गरेको छ। गत वर्ष विश्व बैंकले जारी गरेको डुइंग बिजिनेश इन इण्डियाको प्रतिवेदन तथ्यांकअनुसार व्यापार शुरु गर्न सजिलो स्थानका हिंशावले चेन्नई, कोची र कोलकाता भन्दा अगाडी बिहार चौधौं स्थानमा छ। प्राकृतिक विपत्तिबाट पीडित हुने राज्यमध्येमा पर्ने बिहारको सफलताको कथालाई कम विकसित राज्यमा पाठका रुपमा सरकारी मान्यता प्राप्त बैदेशिक रोजगारमा संलग्न म्यान पावर कम्पनीहरूबाट कसरी मानिसहरू निषेधित मुलुकमा पुगिरहेका छन् त्यो यहां उल्लेख गरि रहनु पर्दैन। नेपालको बाटोबाट जान नदिए, दिल्ली अथवा बम्बैको बाटोबाट जानलाई कसले रोक्न सक्छ र ? नेपाल जस्तै बिहार पनि विप्रेशन आप्रवाहमा टिकेको छ। कतिपय बिहारीहरूले पैसा खर्च गरेमा वैदेशिक रोजगारीमा जानुपर्दा नक्कली नागरिकता, पासपोर्टका का आधारमा सजिलैसंग काठमाण्डौको बाटो भएर गइरहेको अनुमान छ। तमिलनाडुको मुख्यमन्त्री एम. जि. रामचन्दन तथा आन्ध्रप्रदेशको मुख्यमन्त्री डा. वाई वि. रेड्डीको निधन हुंदा उनका कतिपय समर्थकको हृदयघात भई निधन भएको र कतिपयले आत्महत्या समेत गरेको पाइयो। अधिक साक्षरता दर रहेको दक्षिण भारतका जनताले आफ्ना कतिपय नेतालाई भगवान नै मान्छन्। तर बिहार जस्तै नेपालमा जनताले त के सम्बन्धित कार्यकर्ताले पनि नेतालाई पुज्दैनन्। नेताहरू प्रतिको यस्तो नकरात्मक सोच एकदिनमा आएको होइन, भोट दिएर पनि मुलुकको यो हविगत बनाएकाले आएको हो। बिहारको छवि फेरिंदै छ अब, नेपालको कहिले फेरिने हो ?

# सीमा समस्यामा मधेशी दलको भूमिका

***राजेश अहिराज***

मधेश, मधेश र मधेश मात्र कराई हिड्ने मधेशवादी दलको भूमिका शंकास्पद र गतिविधि लज्जास्पद हुँदै गइरहेको छ। मधेश सँग जोडिएको सीमा समस्या, खुल्ला सीमानाका कारण हुने तस्करी-अपराध-असुरक्षा, खुल्ला सीमानाबाट हुने लाभ-हानी, सीमाको सुरक्षा, विवादीत सीमा स्थलको समाधान लगायतका मुद्धामा अधिकांश मधेशी दलहरू प्रस्ट छैनन्। यो राष्ट्रिय दुर्भाग्य हो। नेपालको पुराना मित्र भारतलाई पनि सीमा समस्या लम्बिनु वा लम्बयाउनु हितकर छैन्। विरोधको राजनीति गर्नेहरूका निमित्त अस्वस्थ सूचना फैलाउन यस्ले बल प्रदान गरिरहेको छ। सीमावर्ती क्षेत्रका नेपाली तथा भारतीइ नागरिकलाई सीमा समस्याले आपसी मतभेद र आक्रमणको भय परस्पर बढाएको छ।

जातिय, सामुदायिक, सांस्कृतिक र भाषीक एकता रहेको समाजमा सीमाले कलह पैदा गर्न थालेको छ। अल्प सूचनाका आधारमा केही लेखक, संचारकर्मी तथा नेताहरूले अतिरञ्जीत राजनीत गर्न पनि पछि परिरहेका छैनन्। कञ्चनपुर देखि झापा सम्म नेपाल-भारत सीमावर्ती क्षेत्रका १५ जिल्लामा ५४ वटा बढी स्थानमा समस्या देखिएको छ। सीमानामा समस्या रहनु कुनै पनि मुलुकका लागि कदापि हितकर हुन्न। नेपाल र भारतका निमित्त त अझै अशोभनीय र नकारात्मक प्रसंग हो। सीमा समस्यासमाधान गर्ने विषयमा भारतीय पक्षको आपत्ति कहिले देखिएन् तर नेपाली पक्षले समाधान तर्फ भन्दा पनि मुद्दालाई जिउँदो राखेर राजनीति गर्ने तर्फ उद्दम देखिन्छ। सीमाको समस्या समाधान गर्नु भन्दा पनि राजनीति गर्ने हतियारको रुपमा प्रमाणित हुँदै गएको छ। मधेश सँग प्रत्यक्ष सम्बन्ध राख्ने नेपाल-भारत सीमानाको केही स्थानमा मात्र देखिएका समस्या माथि मधेशी दलको विचार प्रस्ट/प्रकट नहनु गंभिर भक्ति वा अल्पज्ञान मध्ये कुनै एउटा प्रमाणित गर्छ। ऐतिहासिक दस्तावेजलाई मूल आधार बनाएर प्रमाणित कागजातका नाप नक्साद्धारा वैज्ञानिक पद्धति अनुसार सीमाङ्कन र नामाङ्कन गरि यो समस्या तत्काल समाधान गर्नु जरुरी छ। सीमाले राष्ट्रियता सँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले दुवै राष्ट्रका सरोकारवालाहरू थप सक्रय भएर सर्वमान्य, प्रमाणित र ठोस समाधान गरिनु पर्छ। ९८ प्रतिशत समस्या समाधान भै सकेको अभिव्यक्ति सार्वजनिक हुँदै आएको छ।

यदि यसो हो भने मात्र २ प्रतिशतका निमित्त कलहको विउँ बाँकी राखि राख्नु नै तेश्रो शक्तिलाई चलखेल गर्न निम्ता दिनु हो। मधेशी दलहरूका जिम्मेवार नेताहरू अघि सरेर सीमा समस्या समाधान गर्न सहयोग र दवाव दुवै दिनु पर्ने हो। किनभने विवादित सीमाका प्रत्यक्ष घाटाहरू स्थानिय मधेशीहरूले व्यहोनु परिरहेको छ। जल, जमिन र जंगल माथिको अधिकार र दायित्वको प्रस्ट वर्गिकरण विनाको संविधान कागजको खोस्टो मात्र सावित हुन सक्छ। दायित्व सहितको अधिकार, जिम्मेवार राष्ट्रियता, सामुदायिक सद्भाव र राष्ट्रिय सहयात्रा भएन् भने प्रत्यक्ष रुपमा राष्ट्रिय एकतामा असर पर्छ र अप्रत्यक्ष रुपमा द्वन्द्वलाई सहयोग गर्छ। संविधानमा समानता र न्यायोचित सहभागिता सहित अधिकारको व्यवस्था भयो भने नव-संविधान दिर्घजिवी हुन्छ। दायित्व र लगानीको पक्षमा समेत प्रस्टता हुन उतिकै जरुरी छ। लगानी र दायित्व विना नै अधिकार मात्रको राजनीतिले नेपालको घरेलु राजनीति कमजोर भएको छ। जल, जमिन र जंगल माथि अधिकार र दायित्वको मात्रा प्रस्ट भएन भने मुलुक पुन: द्वन्द्वमा जान सक्छ। चिर शान्ति, स्थीर राजनीति र दिर्घ विकासका निमित्त योग्यता-दक्षता र लगानी जस्ता मापक लागू जरुरी छ। जात, वर्ग, धर्म, लिङ र नाता जस्ता मापक द्धारा अधिकारको वितरण गरियो भने नेपाल धेरै दिन सम्म न राज्य रहन्छ न त यहाँ राजनीति नै सम्भव छ।

# सशस्त्रको ठूलो सफलता

काठमाडौं / सशस्त्र प्रहरी क्याम्प सर्लाहीले आसपासका गाउँ क्षेत्रमा लुकाएर राखिएको ५ करोडभन्दा बढी मूल्यको खयर र सालका काठ बरामद गरेको छ। वनका कर्मचारीहरूको मिलेमतोमा काठ माफियाले रुख ढालेर लुकाएका ती काठ सशस्त्र प्रहरीले आजसम्म पक्राउ गरेको काठको ठूलो परिमाण हो। वन सखाप भयो भनेर संसदीय टोलीले देशव्यापी निरीक्षण अनुगमन थालिरहेको बेलामा सशस्त्रले पक्राउ गरेको काठले वन विनास भएको आभास दिएको छ। हेलिकोप्टरबाट निरीक्षण गर्दा टोलीले घना जंगल नाङ्गै देखिएको रिपोर्ट तयार पारिरहेको छ भने जिल्ला-जिल्लाबाट राजनीतिक दलहरूकै मिलोमतोमा वन विनास भएको प्रमाणित खबरहरूपनि सार्वजनिक भइरहका छन्।

राजनीतिक सहमतिमा जे पनि गर्न सकिन्छ भन्ने राजनीतिकका कारण देश अराजक बन्दै गएको छ भने वन विनास हुनु ठूलो घटना होइन। जब राजनीतिमा लाग्नेहरू वन विनास गरेर काठबाट कमिशन खान्छन् र उजाड क्षेत्रमा लगेर आफ्ना कार्यकर्ताको बस्ती बसाल्छन् भने कर्मचारीहरूले केनै गर्न सक्छन् र ? त्यासकारण वन बचाउने अथवा देश बनाउने हो भने सबैभन्दा पहिले राजनीतिज्ञमा नैतिकता पलाउनु पर्‍यो। नैतिकहीन राजनीतिज्ञहरूले वन विनाशमात्र होइन, देश विनास गर्छन् भनेर नेपाललाई हेरे हुन्छ।

## दूतावासनै...

र उनलाई 'केही नगरी' छाडियो। अब विवाह समारोहमा सहभागी हुन त्यत्रो (प्रतिबन्धित) भारु लिएर आएका ती गृहमन्त्री उक्त भारु 'खर्च' नगरिकनै कसरी फर्कन लागेका हुन् ? हो, त्यसलाई एकछिन पन्छाएर भोलि यदी अरु कसैले यस्तै तर्क दिएर उन्मुक्ति खोज्यो भने त्यसबेला नेपाल सरकारका अधिकारीहरूले के गर्छन ? मानौ भोलि कुनै पाकिस्तानी वा बंगलादेशी (तस्कर, आतंककारी)ले समेत यस्तै (कानून थाहा भएन भन्ने) तर्क दिंदै, तिनै नागाल्याण्डका गृहमन्त्रीको काण्डलाई नजीरका रुपमा तेर्साए भने- के गर्छन हाम्रा अधिकारीहरू ? के त्यसबेलामा पनि के गरौं भनेर अपूर्वा अथवा राकेश सूदसँग 'सल्लाह' लिने हो ? के गर्ने ? यी भारतीयहरूले त खत्तमै बनाए- हामी नेपालीहरूलाई !! कहीं केही बाँकी राख्न दिएनन्- हाम्रो नेपालको। ऐन, नियम, कानूनदेखि लिएर नेपाली भू-भागसम्मलाई आफ्नो खल्तीमा हालेर हिंड्ने यी भारतीयहरूबाट हामी नेपालीहरूले कहिले र कसरी छुटकारा पाउने होला ? ...असम्भव नै हो त ? तर होइन, सम्भावना छ। हाम्रा कथित नेताहरूलाई भारतको दलाली गर्नबाट रोक्न सकौं। हाम्रो प्रशासन संयन्त्रलाई भारतीयहरूको टाँगमुनी छिर्नबाट रोक्न सकौं।...र मुख्यकुरा हामीसबै खाले नेपालीहरूमा राष्ट्रियताको भावना प्रवल रुपमा गाडिएर बस्ने हो भने, त्यस्ता 'धोती'हरूले के नै पो गर्न सक्छन् र- एकजना विद्वान अस्ति यसै भन्दैथिए। के त्यस्तो हुनसक्ला त ?

## पूर्वराजाको...

जन्मोत्सवमा लाखौं जनता निर्मल निवास पुगेको र जयजयकार गरेको आवाजले राजधानीको राजनीति निकै तात्ने अनुमान गरिएको छ। शुभजन्मोत्सव मनाउन र पूर्वराजालाई शुभकामना दिन जाने जनताको उत्साह अहिले देखि नै देखिन थालेकाले यसपालीको शुभजन्मोत्सव अर्थपूर्ण हुने अनुमान गरिएको छ।

## माओवादी इतरका...

खनाल थाकेका छैनन्। उनी फोरमका उपेन्द्र यादवदेखि फोरम लोकतान्त्रिकका विजयगच्छदारसँग समेत भित्री वार्ता गरिरहेका छन्। महत्वकांक्षी गच्छदार आफैं प्रधानमन्त्री हुन लालायित छन्।

खासगरी कांग्रेस नेतृत्व लिन हतारिरको छ। कांग्रेसीभित्र संसदीय दलका नेता कि दलभित्रबाट प्रधानमन्त्री बन्ने भन्ने विवाद चुलिएको छ। रामचन्द्र पौडेल प्रधानमन्त्री बन्न तयार देखिएका छन्। शेरबहादुर देउवाले दावी छाडिसकेका छैन। माओवादीको पोलिटव्युरो बैठकले माओवादी नेतृत्वमा सहमतिय वा बहुमतिय सरकार गठन गर्ने निर्णय गरे पनि कसको नेतृत्व भनेर तोकेन। अहिले विकल्प खुला छ भन्ने अभिव्यक्ति आइरहेको छ।

राजनीतिक धारलाई विश्लेषण गर्ने विश्लेषकहरूका अनुसार माओवादीको नेतृत्वमा सरकार बन्ने सम्भावना न्यून छ। कांग्रेसको नेतृत्वमा सरकार बन्ने सम्भावना प्रवल छ। तर, भदौमा महाधिवेशन सम्पन्न नभएसम्म सरकार परिवर्तन गर्न नहुने अडानमा कांग्रेसका केही नेता थिए। तथापि प्रधानमन्त्रीमा सहमति जुटाउन रामचन्द्र पौडेल, शेरबहादुर र झलनाथ खनालहरू पसिना चुहाइरहेका छन्। शान्ति र संविधानप्रति कुनै नेता वा दल संवेदनशील देखिदैनन्।

## जनताको...

उनले लाखौं रुपैयाँ खर्च गरेर विना प्रतिस्पर्धा र विना टेण्डर आफ्नो भेटघाट र भाषणको पुस्तिका नै प्रकाशित गरे।

नेपाली र अंग्रेजी दुवै भाषामा दशवटा पुस्तक प्रकाशित भएका छन्। ती पुस्तकहरूलाई भाग १, २ र ३ मा विभाजित गरी प्रचारमा ल्याइएको छ, एकवर्षे आफ्नो कार्यकालमा भएका उपलब्धिलाई पुस्तकको रुपमा प्रकाशित गर्ने माधवकुमार नेपाल पहिलो प्रधानमन्त्री भएका छन्। प्रधानमन्त्री भएपछिका विभिन्न भेटघाटका तस्वीर संकलन गरी रंगीन पुस्तकसमेत प्रकाशित गरिएको छ। राजनीतिक गतिरोध अन्त्य गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउँदै संविधानसभाबाट नयाँ संविधान निर्माण गर्न असफल भएका माधवकुमार नेपाल आफ्नो प्रचारमा भने सफल नै भएको मान्नु पर्दछ। पुस्तक प्रकाशन गर्दा कानूनी प्रक्रियालाई समेत धोती लगाइएको छ। कसको आदेशमा कति पुस्तक छापिए भन्ने जानकारी प्रधानमन्त्रीको कार्यालयलाई समेत छैन। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रकाशक रहेको पुस्तकको बिल आएपछि पुस्तक छापिएको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कर्मचारीले थाहा पाएको प्रधानमन्त्री कार्यालयको सूत्रले बताएको छ। पुस्तक छाप्नु अघि प्रधानमन्त्री कार्यालयमा रहेको प्रेस शाखाले ती सबै कार्य हेर्ने गरे पनि यसपाली त्यस्तो भएको छैन। प्रधानमन्त्रीका सल्लाहकारले कार्यालयको निर्णयविना नै पुस्तक छपाउने र विल भुक्तानी दिने गरेको हुनाले प्रधानमन्त्री कार्यालयमै ठूलो भ्रष्टाचार भएको आशंका गरिएको छ।

सरकार मातहतमा मुद्रण विभाग रहेको भए पनि आर्थिक घोटलाकै लागि सरकारले यसअघि पनि सरकारको एकवर्षे कार्यकालका उपलब्धि नामक पुस्तक बाहिर छपाएको थियो, अहिले पनि रंगीन पुस्तक बाहिरै छपाएर जनताले तिरेको करमाथि माधवकुमार नेपालले ब्रम्हलूट गरेका छन्। विना प्रतिस्पर्धा एमाले निकट प्रेसवालालाई लाखौं लाखको पुस्तक छपाई गर्न दिनु भनेको स्वयम् प्रधानमन्त्री भ्रष्टाचारमा मुछिनु नै हो भन्ने चर्चा चल्न थालेको छ।

## माओवादी...

अब आफ्नो नेतृत्वमा राष्ट्रिय सरकार निर्माण गर्न सक्छ सक्दैन? प्रचण्डको नेतृत्व अस्वीकार भए बिकल्प दिन्छ दिदैन? माओवादीकै नेतृत्वमा सरकार नबन्ने अवस्थामा अन्य दलको नेतृत्वको सरकारलाई सघाएर राष्ट्रिय सरकार, शान्ति र संविधानका लागि मार्ग प्रशस्त गर्छ कि गर्दैन? राजनीतिक बल माओवादीको कोर्टमा पुगेको छ र माओवादीको रबैया अग्नि परीक्षाभन्दा कम छैन।

हो, माधवकुमार नेपालको राजीनामाले राजनीतिक समस्याको एउटा गाँठो फुकेको छ, यो गाँठो सामान्य हो कि असामान्य हो, अब कति ठूला गाँठाहरू देखिने हुन्? यसको जवाफ पनि माओवादीको रबैयामा निर्भर रहने छ। माओवादीले मेरो गोरुको बाह्रै टक्का भन्यो भने फेरि पनि कुनै निकास निस्कन सक्ने छैन। किनभने माओवादी र एमालेपछि अब मेरो पालो भनेर नेपाली कांग्रेस सरकार निर्माण गर्ने कसरतमा लागिसकेको छ। अन्तर्राष्ट्रिय समर्थन र एमालेलगायतका अन्य प्रजातान्त्रिक दलहरूले कांग्रेसलाई सघाउने निश्चित छ। यो अवस्थामा फेरि पनि प्रचण्डको नेतृत्व र माओवादी पार्टी दलदलमा फस्ने निश्चित छ। यो अवस्थामा घुर्क्याएर बिपक्षीमा बस्ने र राष्ट्रिय सहमतिको सरकारमा सहभागी हुनबाट पन्छिने हो भने सम्पूर्ण दोष माओवादीको टाउकोमा थोपरिने निश्चित छ र त्यो अवस्थामा माओवादी बारीमा नमिलेको डुम साबित हुनपुग्ने छ। त्यसैपनि माओवादीभित्र प्रचण्ड एक्लिएका छन् र बैद्य, बाबुराम र बादल एक भइसकेका छन्। प्रचण्डका आगामी दिनहरू सुखमय र बिजयी मार्गका हुनेछैनन् भन्ने संकेत प्रशस्त देखिइसकेका छन्। माओवादीले असहयोग गरेमा नेपालको वर्तमान र भविष्य अनिश्चित र हिंसात्मक हुने कुरामा शंका रहने छैन।

माधव नेपालले सहमतिको राष्ट्रिय सरकार बनाउ भनेर ढोका खोलिदिएका छन्। माओवादी तिनै असफल, भ्रष्ट र अनैतिक कठपुतलीहरूको सहयोग लिन ढोका चहारिरहेका छन्। प्रचण्डलाई नेमकिपाजस्ता साना पार्टीले समेत घाँस हालेको देखिन्न। तिनै कठपुतलीको बलमा माओवादीले सरकारको नेतृत्व गर्ने दावी गर्नुले माओवादी अर्को कठपुतली हुन हतारिएको परिदृश्य देखिएको छ। के नेपाल कठपुतलीहरूको देश नै हो त? ठूला तीन दलले शान्ति, सहमति र संविधानको ग्यारेण्टी गर्ने अवस्था नरहेकाले जसको नेतृत्वमा सरकार बने पनि कठपुतलीभन्दा भिन्न नहुने निश्चित छ। नेपाल र नेपाली जनताको निधारमा कठपुतली सरकार लेखेको रहेछ, स्वाभिमान सरकार नेपालीले कहिले पाउने? यो विश्लेषकहरूको विश्लेषण हो।

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा जातीय भेदवाभ हाम्रा शत्रु हुन्। यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशिल रहनु पर्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## वैद्य...

किनारा लगाएर एक्लाएका छन्। सत्ता खुस्किनासाथ एकपछि अर्को रणनीतिमा हार खाँदै गएको माओवादीको वैद्य, बादल र बाबुरामको संयोजनले कुन चमत्कार देखाउला? त्यो राजनीतिमा उत्सुकताको विषय बनेको छ।

## अधिवेशन...

प्रस्तुत गर्ने र यति गते नयाँ आर्थिक वर्षको बजेट संसद्मा पेश गर्ने भन्ने मिति तोक्ने परम्परा भए पनि माओवादीसँग सहमति हुन नसकेपछि त्यस्तो मिति तय गरिएको छैन। एकीकृत नेकपा माओवादीले प्रधानमन्त्री माधवकुमार नेपालल राजीनामा दिएर आफ्नो नेतृत्वमा सरकार नबनेसम्म संसद चल्न नदिने अडान लिएकाले सरकारको नीति तथा कार्यक्रम र नयाँ आर्थिक वर्षको वार्षिक बजेट नै धरापमा परेको छ। सरकारले अधिवेशन आह्वान गरेपछि एकीकृत नेकपा माओवादीले त्यसमा आपत्ति प्रकट गरेको छ। माओवादीमा सचिव एवं प्रमुख सचेतक पोष्टबहादुर बोगटीले प्रधानमन्त्रीले राजीनामा दिएपनि संसद् चल्न नदिने र माकुने सरकारले बोलाएको अधिवेशनलाई आफूहरूले मान्यता नदिने बताएपछि वर्षे अधिवेशन समेत हुन नसक्ने प्रायः निश्चित रहेको छ।

जेठ १४ गतेको सहमतिमा प्रधानमन्त्रीले अविलम्ब राजीनामा दिने उल्लेख भए पनि अन्य दुई बुँदा कार्यान्वयन भइसकेको र अर्को बुँदामा माओवदीले सहमति नजनाएको हुनाले राजनीतिक अन्यौलकै अवस्थामा बोलाइएको संसद् अधिवेशनले सहमतिको मार्गलाई अवरोध पुऱ्याउन सक्ने अवस्था सिर्जना भएको छ। गतवर्ष पनि एकीकृत नेकपा माओवादीले संसद् झण्डै ६ महिनासम्म अवरुद्ध गरेर बजेटमाथि छलफल र बहस गर्न दिएको थिएन। श्रावण महिनादेखि मुलुक पेश्की बजेट लिएर सञ्चालन हुने भए पनि त्यो पेश्की बजेट समेत संसद्बाट अनुमोदन हुने संवैधानिक व्यवस्था भएको हुनाले यसपाली पनि एकीकृत नेकपा माओवादीले पेश्की बजेट पारित गर्न केही दिनका लागि ससद् चल्न दिने तर बजेटमाथि छलफल गर्न नदिने रणनीति लिनसक्ने एक माओवादी सूत्रको दावी रहेको छ। जनताका प्रतिनिधिहरूले सरकारले ल्याएको बजेटमाथि छलफल र बहसै गर्न नपाएको खण्डमा सरकारका लागि त्यो कार्य भने हाइसञ्चोको विषय हुनसक्ने भए पनि माओवादी त्यसतर्फ सहज नहुनु भनेको जनतामाथिको राजनैतिक बेइमानी मात्र हो भन्ने चर्चा चल्न थालेको छ।

## असफल...

सडकसम्मको आन्दोलन गरेको एकीकृत माओवादीले आफ्नै नेतृत्वमा सहमतिको सरकार बनाउन पाउनुपर्ने माग नै अहिलेको समस्याको जड हो।

एकीकृत नेकपा माओवादीले आफ्नै पार्टी अध्यक्षको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउनुपर्ने मागलाई स्थगन गर्ने हो भने राष्ट्रिय सहमतिको सरकार बन्न सक्छ। तर अहिले माओवादीलगायत नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरू समेत आ-आफ्नो नेतृत्वमा सरकार बनाउनुपर्ने अडानमा कायम भएको हुनाले अहिल्यै राष्ट्रिय सहमतिको सरकार बन्नसक्ने अवस्था छैन। संविधानसभाको चुनाव सरकार बनाउन र गिराउन भएको नभएर संविधान निर्माणको लागि भएको भए पनि तीन ठूला दल एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमाले संविधान निर्माणभन्दा सरकार निर्माण गर्ने र गिराउने खेलमै रमाएका हुनाले तोकिएको समयमा संविधान निर्माण हुन नसकेको हो। तोकिएको समयमा संविधान निर्माण गर्न असफल भएका तिनै नेताहरूले फेरि सरकारको नेतृत्व गर्न पाउनुपर्ने अडान राख्नु फेरि मुलुकलाई असफलताको मार्गतिर डोहोऱ्याउन खोज्नु सिवाय अन्य केही हुन सक्दैन।

तीन ठूला दलका शीर्ष नेताहरू संविधान निर्माणमा असफल भएका हुनाले उनीहरूले असफलताको नैतिक जिम्मेवारी लिंदै आ-आफ्ना पदबाट राजीनामा दिएर दोस्रो तहका नेताहरूलाई जिम्मेवारी सुम्पिनु राजनीतिक इमान्दारिता ठहरिन सक्छ। विश्वका सबै प्रजातान्त्रिक मुलुकहरूमा भएका प्रजातान्त्रिक अभ्यासलाई नेपालका राजनीतिक दलका नेताहरूले किन अनुशरण नगर्ने? राजनीति भनेको आफैंमा उत्कृष्ट नीति ठानिए पनि नेपालमा भने त्यसलाई कमाइखाने भाँडो र भ्रष्टाचार गरी सोझासाझा जनतामाझ झुक्याउने पगरी भएको छ। विश्वका प्रजातान्त्रिक मुलुकहरूमा सामान्य आरोप लाग्दासमेत पद त्याग्ने परम्परा रही आएकोमा नेपालका राजनीतिक दलका नेताहरूले त्यसै गरी पद त्याग गरेर नेपाली जनताबीच किन उदाहरण दिन सक्दैन? के राजनीति नगरी अवकाश लिएर सामान्य नागरिक भएर उनीहरू बाँच्न सक्दैनन त भन्ने प्रश्नसमेत उठन थालेको छ। गलत निर्णयको परिणाम पनि गलत नै हुन्छ, त्यसैको परिणाम हो, अहिले प्रायः सबै दलभित्रको आन्तरिक द्वन्द। संविधानसभाको म्याद थप्नुभन्दा चुनावमा गएको भए कति उचित हुन्थ्यो?

SINCE 1890
San Miguel® BEER

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर